"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

FN 30

# धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-
चलानी नं. :- ४८१६

मितिः २०७७।११।१६

विषयः: कार्यक्रम माग गर्ने सम्बन्धमा

श्री सबै सामुदायिक विद्यालयहरु
धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत आ.व. २०७७।७८ को वार्षिक कार्यक्रम अनुसार स्थानीय तहबाट सम्पादन हुने ससर्त अनुदानका कार्यक्रमहरु तर्फ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त भएकोमा सो अन्तर्गत देहायका कार्यक्रमहरु आवश्यक भएका विद्यालयहरुले प्रस्ताव सहितको माग पत्र मिति २०७७ चैत्र १ गते भित्र धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखामा पेस गर्नु हुन यस कार्यालयको मिति २०७७।११।१६ को निर्णयानुसार अनुरोध छ ।

कार्यक्रमहरु:

१. माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन ( प्रति विद्यालय रु ६ लाख ५० हजार)
२. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना ( प्रति विद्यालय रु ६ लाख ५० हजार)
३. शिक्षण सिकाईमा ICT को प्रयोग (कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटी इक्युपमेन्टस तथा Kits खरिद) ( प्रति विद्यालय रु ६ लाख ५० हजार)
४. तोकिएको सूचकांकका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पदनमा आधारित अनुदान (प्रति विद्यालय रु ५० हजार)
५. शिक्षकको शिक्षण सिकाईमा विताउने समयावधि सुधार योजना कार्यान्वयनका लागि विद्यालयलाई अनुदान (प्रति विद्यालय वार्षिक रु २ हजार)
६. नमूना विद्यालयमा कार्य सम्पादन करारका आधारमा प्रअ र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान (नमूना विद्यालयका लागि रु २ लाख)
७. आधारभूत तह कक्षा ६-८ का विद्यालयहरुका लागि गणित, विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री Kits अनुदान ( प्रति विद्यालय रु ५० हजार)

पुनश्चः

*क. तोकिएको सूचकांकका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदानका लागि विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लिखित कार्य सम्पादन मूल्याङ्कन सूचकका आधारमा प्रस्ताव पेस गर्ने।*

(हस्ताक्षर)
उप-सचिव (प्रा)

education@dharan.gov.np

कार्यकारी अधिकृतः ०२५-५२०२७९, आर्थिक प्रशासनः ५२५४९०, सूचना, राजस्वः ५२०१०९, कार्यालयः ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्सः ५२११९१ वरुणयन्त्रः १०१, ५२०११९
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

धरान उपमहानगरपालिका

DHARAN SUB-METROPOLITAN CITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल

Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-

चलानी नं. :- ४८१५

ख. शिक्षकको शिक्षण सिकाईमा विताउने समयावधि सुधार योजना कार्यान्वयनका लागि विद्यालयहरुले अनुदान माग गर्दा शिक्षण सिकाई समय मापन/ कार्यान्वयन कार्यविधि २०७४ लागु गर्ने निर्णय विद्यालय व्यवस्थापन समितिबाट भइ आउनु पर्नेछ । दुवै निर्देशिका तथा कार्यविधि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.cehrd.gov.np मा उपलब्ध छ ।

ग. विज्ञान प्रयोगशाला, पुस्तकालय र ICT को कार्यक्रम स्थानीय तहका सबै माध्यमिक तहका विद्यालयहरुले विगत वर्षहरुमा एक पटक पाइसकेको भए उच्च विद्यार्थी संख्या भएको अनुमतिले पुरानो क्रममा रहेको आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयहरुलाई अनुदान उपलब्ध गराइने छ ।

घ. उल्लिखित सबै कार्यक्रमहरुका लागि प्रस्ताव सहितको मागपत्र पेस गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णय अनिवार्य रुपमा पेस गर्नुपर्नेछ ।

रत्नबहादुर कटुवाल<br>
उपसचिव (अधिकृतस्तर दशौं)<br>
रत्नबहादुर कटुवाल<br>
उप-सचिव (प्रा)

बोधार्थः

श्री नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका, सुनसरी : जानकारीका लागि ।

श्री नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका, सुनसरी : जानकारीका लागि ।

श्री सूचना शाखा, धरान उपमहानगरपालिका– पत्र **Website** मा राखिदिनु हुन ।

education@dharan.gov.np

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२१९९१ वरुणयन्त्र: १०१, ५२०१९९

E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np